व्यास नगरकार्यपालिकाको १९९ औं बैठक आज मिति २०८१/७/२६ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| का.वा. प्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं. ८ | - श्री राम प्रसाद मिश्र | उपस्थित |
| वरिष्ठ आ.ले.प. अधिकृत | - श्री कुमार कञ्चन जि.सी | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ : मिति २०८१/७/७ को बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : आ.व. २०८१/०८२ को योजना कार्यान्वयन, आय-व्ययको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३ : आ.व. २०८१/०८२ को प्रथम सार्वजनिक सुनुवाईको मिति तय गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४ : अन्तर्राष्ट्रिय महिला फुटवल खेलाडीलाई सम्मान गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५ : घरपझोङ गाउँपालिकासँग भगेनी सम्बन्ध स्थापित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.६ : हरिबोधनी एकादशीका दिन सार्वजनिक बिदा सम्बन्धमा ।
प्रस्ताव नं.७ : नगर प्रमुखको वैदेशिक भ्रमण आमन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.८ : गत आ.व.हरुमा सुरक्षित आवास अन्तर्गतका लाभग्राहीहरुको बाँकी रकम माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९ : सामुदायिक विद्यालयका प्र.अ.हरुको म्याद सम्बन्धमा ।
प्रस्ताव नं.१०: विभिन्न तहका रिक्त शिक्षक दरबन्दीमा आन्तरिक व्यवस्थापन एवं विज्ञापन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: सामाजिक लेखापरीक्षण नगर्ने विद्यालयका सम्बन्धमा ।
प्रस्ताव नं.१२: सामुदायिक माध्यमिक विद्यालयमा दिइने विज्ञान प्रयोगशाला एवं इ.लाइब्रेरी प्रस्ताव माग सम्बन्धमा ।
प्रस्ताव नं.१३: व्यास न.पा. अन्तर्गत विशेष दरबन्दी अनुदानको कोटा फिर्ता माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: मादी नदी एवं सेती नदी तर्फको ढुङ्गा, गिट्टी टेण्डर सम्बन्धमा ।
प्रस्ताव नं.१५: व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि, २०८१ पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: काजमा रहेका शिक्षकहरुको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.१७: नारेश्वर तालमा विनियोजित रकम सम्बन्धमा ।
प्रस्ताव नं.१८: मानुङकोटमा सुरक्षामा कोठा उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.१९: हिमालय आँखा अस्पतालसँग सहकार्य गरी सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२०: नगर प्रहरीको राशन भत्ता सम्बन्धमा ।
प्रस्ताव नं.२१: गर्भवती महिला पोषण कार्यक्रम महिलासँग (उपप्रमुख) सञ्चालन कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.२२: नगर विकास कोषको मिति २०८१/७/७ को च.नं. ५०५ (२०८१/०८२) को पत्र सम्बन्धमा ।
प्रस्ताव नं.२३: वि.पी.वनवाटिका खेलमैदान स्तरीकरण सम्बन्धमा संघीय खेलकुद मन्त्रालयसँग सहयोग माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२४: निर्माण योजनाहरुको विवरण उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२५: सटर भाडा सम्बन्धमा ।
प्रस्ताव नं.२६: सरसफाई केन्द्रको जग्गा व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२७ :विपद्जन्य एवं अत्यावश्यक कार्यमा बजेट विनियोजन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/०७/०७ मा बसेको नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुदाँ आर्थिक वर्ष २०८१/०८२ को योजना एवं आर्थिक प्रगतीमा समीक्षा हुँदा कुल रू.२,१७,२९,४३,०००। बजेटमा रू.४१,४५,६८,१७१।६६ (१९%) आम्दानी रहेको १३% मात्र खर्च भएको, कुल ५४२ योजना कार्यक्रममा ३४ सम्पन्न भएको, ११५ सम्झौता भएको, ३९२ सम्झौता हुन बाँकी रहेको, १ सूचना प्रकाशित भएको बैठकमा जानकारी प्राप्त भएकाले बाँकी योजना सम्झौता प्रक्रिया अघि बढाउन कार्यालय र सबै वडाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस आर्थिक बर्ष २०८१/०८२ को प्रथम सार्वजनिक सुनुवाई मिति २०८१/८/७ गते ११:३० बजे नगरपालिका सभाकक्षमा गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । उक्त सार्वजनिक सुनुवाईमा नगर विकास कोषको पदाधिकारी, राजनीतिक

दलका प्रतिनिधि, टोल विकास संस्थाका प्रतिनिधि (२, ३, ४ वडा), उद्योग वाणिज्य संघका जिल्ला/बजार प्रतिनिधिलाई निमन्त्रणा गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा सातौं SAFF WOMEN'S CHAMPIONSHIP खेलमा सहभागी अन्तर्राष्ट्रिय महिला खेलाडी व्यास ४ निवासी श्री बिमला वि.क.लाई रू.३०,०००। (अक्षेरुपी तीस हजार मात्र) सहित सम्मान गर्ने र सम्मान रकममा नियमानुसार कर कट्टी गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुदा मुस्ताङ जिल्लास्थित घरपझोङ गाउँपालिकाको प्रस्ताव अनुसार यस नगरपालिका र मुस्ताङ जिल्लाको घरपझोङ गाउँपालिका बीच भगेनी सम्बन्ध स्थापित गर्न आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/७/२७ गते हरिबोधनी एकादशीका दिन गतवर्ष झैं यस वर्ष पनि यस नगरपालिका अन्तर्गतका अत्यावश्यक सेवा बाहेकका कार्यालयहरु, शैक्षिक संस्थाहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा Asia Paciufic Mayors' Academy class- 2024 को आयोजनामा मिति २०८१/८/११ देखि १४ सम्म थाइल्याण्डको राजधानी बैंककमा हुने "Supporting Asia-Pasific Mayors to Develop Sustainable Urban Solution" कार्यक्रममा व्यास नगरपालिका नगर प्रमुख श्री वैकुण्ठ नाथ न्यौपाने छनौट हुनु भै उहाँलाई आमन्त्रण गरिएको हुँदा यस नगरपालिकालाई कुनै पनि आर्थिक भार नपर्ने गरी निमन्त्रणा स्वीकार गरी उक्त कार्यक्रममा सहभागी हुन नगर प्रमुखलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०८०/०८१ मा छनौट भई पहिलो किस्ता रकम लिइसकेका सुरक्षित आवास अन्तर्गतका लाभग्राहीलाई दोस्रो किस्ता रकम भुक्तानीका लागि यस वर्ष रकम निकासा नभएकाले बाँकी रकम निकासाका लागि नेपाल सरकार संघीय मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सबै सामुदायिक विद्यालयका प्र.अ. हरुको पदावधि २०८१ कार्तिक मसान्तमा समाप्त हुने भएको, हाल शैक्षिक वर्षको मध्यम भाग चलिरहेकाले आगामी २०८१ चैत्र मसान्तसम्म सबै प्र.अ.हरुको म्याद थप गर्ने र २०८२ वैशाखदेखि लागु हुने गरी नयाँ प्रधानाध्यापक नियुक्ति प्रकृया २०८१ चैत्र भित्रै सम्पन्न गर्न सबै सामुदायिक विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विभिन्न तहमा रिक्त रहेका शिक्षक दरबन्दीमा निम्नानुसार आन्तरिक व्यवस्थापन ढिलाई रिक्त हुन जाने दरबन्दीमा सरुवा सम्बन्धी कार्यविधि एवं निर्देशिका बमोजिम सम्बन्धित विद्यालयमा विज्ञापन गर्ने अनुमति प्रदान गर्ने निर्णय गरयो ।

**(क) आन्तरिक शिक्षक व्यवस्थापन :**

(१) व्यास १३ बेलबासस्थित श्री सिद्धबेनी मा.वि.का प्रा.वि. दरबन्दीका श्री खड्कबहादुर सुबेदी व्यास १३ बेनीकोटथित बेनीमित्र प्रा.वि.मा कामकाज गर्न खटाउने ।

(२) व्यास १३ बेनीकोटस्थित बेनीमित्र प्रा.वि.मा कार्यरत प्रा.वि. शिक्षक श्री लिला आलेलाई व्यास १३ बेलबासस्थित सिद्धबेनी मा.वि.मा कामकाज गर्न खटाउने ।

(३) व्यास ११ राम्चेस्थित सूर्योदय प्रा.वि. मा कार्यरत स्थायी प्रा.वि. शिक्षक श्री पवित्रा पन्त अधिकारीलाई व्यास १० अँधेरीभञ्ज्याङ्गस्थित जनता आ.वि. का रिक्त दरबन्दीमा कामकाज गर्न खटाउने ।

(४) व्यास ५ उदय माध्यमिक विद्यालयमा कार्यरत नि.मा.वि. स्थायी विज्ञान विषयको शिक्षक श्री प्रतिमा आचार्यलाई व्यास १० स्थित शिव मा.वि.को रिक्त दरबन्दीमा कामकाजमा खटाउने ।

(५) व्यास ६ माहेन्द्र आधारभूत विद्यालयमा कार्यरत नि.मा.वि. स्थायी विज्ञान विषयका शिक्षक श्री जानुका कोइरालालाई व्यास ५ ठूलोटारस्थित उदय मा.वि. मा कामकाजमा खटाउने ।

**(ख) सरुवाका लागि विज्ञापनको अनुमति दिने :**

(१) सूर्योदय प्रा.वि. व्यास ११ राम्चे – प्रा.वि. दरबन्दी
(२) शंकर प्रा.वि. व्यास ६ – प्रा.वि. दरबन्दी
(३) अमरज्योति आ.वि. व्यास १४ ठिन – प्रा.वि. दरबन्दी
(४) माहेन्द्री आधारभूत विद्यालय व्यास ६ – नि.मा.वि. विज्ञान तर्फ

**(ग) अन्य व्यवस्था :**

२०८१/८/२६ गते पछि रिक्त हुने दरबन्दीमा निम्नानुसार समितिबाट आन्तरिक व्यवस्थापन वा विज्ञापन गर्ने आवश्यक निर्णयका लागि अधिकार प्रत्यायोजन गर्ने ।

| | | |
|---|---|---|
| (१) संयोजक | – श्री वैकुण्ठ न्यौपाने | - नगर प्रमुख |
| (२) सदस्य | – श्री इन्दिरा दरै | - उपप्रमुख |
| (३) सदस्य | – श्री काशी राम गैरे | - प्रमुख प्रशासकीय अधिकृत |
| (४) सदस्य | – श्री चन्द्रमाया परियार | - सामाजिक विकास समिति संयोजक |
| (५) सदस्य-सचिव | – श्री केदारराज आचार्य | - शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख |

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा २०८१/८/१५ सम्म सामाजिक परीक्षण गराई पेश नगर्ने सामुदायिक विद्यालयमा उक्त प्रतिवेदन नबुझाउँदासम्म सम्पूर्ण अनुदान रोक्का गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालय तर्फ मा.वि.का लागि यस आ.व. मा आएको रू.६,५०,०००। (अक्षेरुपी छ लाख पचास हजार मात्र) को विज्ञान प्रयोगशाला र ३ (तीन) ई-लाइब्रेरी अनुदान प्रदान गर्न २०८१ मार्ग १५ भित्र माग पेश गर्न सम्बन्धित विद्यालयहरुलाई सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा शिक्षा तथा मानव श्रोत विकास, संघीय मन्त्रालयबाट यस नगरपालिकामा तोकिएको प्रा.वि. शिक्षक दरबन्दीमा विशेष तर्फका १० (दश) दरबन्दी भुलवश गणनामा परी यस न.पा.मा १० दरबन्दी घटी हुन गएकाले उक्त १० प्रा.वि. तर्फका विशेष दरबन्दी मानव श्रोत विकास केन्द्र शिक्षा मन्त्रालय काठमाण्डौमा फिर्ता माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. मा वडा नं.५, ६, ७, १० मा पर्ने मादी नदी तर्फको र वडा नं.१३ र १४ मा पर्ने सेती नदी तर्फको ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् गर्न प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन अनुसार टेण्डर गरिएकोमा प्रथम पटक कुनै पनि टेण्डर पर्न नआएको बैठकमा जानकारी प्राप्त भएकाले खरिद ऐन, नियम अनुसार थप टेण्डर प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्रज्ञा प्रतिष्ठान कार्यविधि, २०७८ सो सम्बन्धी ऐन, २०७९ मा आउनु पूर्वको भएकाले उक्त कार्यविधिलाई ऐनसँग नबाँझिने गरी व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका विभिन्न विद्यालयमा काजमा रहेका शिक्षकहरुलाई काज खटिएकै विद्यालयमा २०८१ चैत्र मसान्तसम्म म्याद थप गर्ने र जनजागृती मा.वि.व्यास १३ मा प्रा.वि. दरबन्दीमा काजमा कार्यरत श्री प्रमोदराज पौडेललाई सोही विद्यालयको रिक्त प्रा.वि. दरबन्दीमा पदस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ को बजेट शीर्षक नं.७८४ मा "नारेश्वर ताल निर्माण जग्गा खरिद समेत" मा विनियोजित रू.३०,००,०००। (अक्षेरुपी तीस लाख मात्र) मध्ये निम्नानुसार विभाजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) नारेश्वर ताल पूर्वाधार निर्माण | – रू.२०,००,०००। (अक्षेरुपी बीस लाख मात्र) |
| (ख) कम्पाउण्ड भित्र रहेका निजी जग्गा खरिद समेत | – रू.१०,००,०००। (अक्षेरुपी दश लाख मात्र) |
| | – रू. ३०,००,०००। (अक्षेरुपी तीस लाख मात्र) |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास ५ मानुङकोटमा रहेको भ्यू टावरको तला-तलामा रहेको कोठालाई मानुङकोटको सुरक्षामा खटिने प्रहरीलाई आवासको रुपमा निःशुल्क रुपमा स्थानीय टोल विकास समितिको अनुरोधमा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास ६ शिशाघाट बजारमा हिमालय आँखा अस्पतालको सहयोगमा आँखा जाँच केन्द्र सञ्चालन हुँदै आएकोमा उक्त केन्द्रमा रहेको जनशक्ति पोखरा अस्पतालले फिर्ता गरेकाले यस नगरपालिका कै स्वास्थ्यकर्मीहरु मध्येलाई प्रशिक्षण दिई व्यास नगर अस्पताल व्यास १० दुम्सी बजारमा सञ्चालन गर्ने गरी हिमालय आँखा अस्पतालसँग समन्वय गरी आवश्यक प्रबन्ध मिलाउन स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा नगर प्रहरी सबैलाई २०८१ आश्विन महिनादेखि व्यारेकमा राखी २४ सैं घण्टा काम लगाउन सहज हुने गरी कामकाजमा लगाइएको हुँदा सम्पूर्ण नगर प्रहरीहरुलाई साविकमा विपद् व्यवस्थापन (बारुणयन्त्र) मा खटिएकालाई दिए सरहको राशन भत्ता सम्बन्धित शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा गर्भवती महिला पोषण कार्यक्रम महिलासँग (उपप्रमुख) सञ्चालन कार्यविधि, २०७९ मा निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

| साविकमा भएको | संशोधन/थप गर्नेपर्ने |
|---|---|
| कार्यविधिको दफा ४ पछि (क) थप गर्नुपर्ने | लक्षित समूहका महिलाहरु मध्येबाट ८ महिनाको गर्भ जाँच गराउनु अगाडि नै सुत्केरी भएमा सुत्केरी भएको प्रमाण (अस्पताल वा वर्थिङ सेन्टरको डिस्चार्ज पूर्जी र वर्थ सर्टिफिकेट) पेश गरेमा गर्भवती पोषण रकम प्रदान गरिनेछ । |

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा नगर विकास कोषसँग २०७८/३/१४ मा भएको बहुउद्देश्यीय भवन निर्माण सम्बन्धी सम्झौता र त्यसपछि उत्पन्न परिप्रेक्ष्यमा नगर विकास कोषबाट मिति २०८१/७/७ को च.नं. ५०८ (२०८१/०८२) को पत्र यस नगरपालिकामा पठाई प्रस्तावित आयोजना सम्बद्ध सरोकारवालासँग छलफल गरी नयाँ भवनको डिजाइन समेत पुनः अगाडि बढाउन अनुरोध भई आएकाले मिति २०८१/८/७ गते हुने सार्वजनिक सुनुवाईमा छलफल गरी भएको निर्णय अनुसार गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास ३ वि.पी. वनवाटिका खेलमैदान स्तरीकरणका लागि भएका डि.पि.आर.अनुसार संघीय युवा तथा खेलकुद मन्त्रालयमा आर्थिक सहयोग प्रस्ताव अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार शहरी विकास मन्त्रालय शहरी विकास तथा भवन निर्माण विभाग नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना, आयोजना समन्वय कार्यालय बबरमहल, काठमाण्डौबाट मिति २०८१/७/९ च.नं.६० (०८१/०८२) को पत्रद्वारा यस नगरपालिका लगायत देशभरका २० नगरपालिकासँग पूर्वाधार सम्पत्ति व्यवस्थापन योजना निर्माण गर्न नगरपालिकाको आफ्नो श्रोतबाट तथा अन्य श्रोतहरुबाट निर्माण सम्पन्न योजनाहरुको विवरण माग भएकाले सो योजनाहरुको विवरण (सडक, भवन, खानेपानी, सिँचाई, पुल, पौराणिक सम्पदा आदि) र सरकारी जग्गाको विवरण प्रस्तावित ढाँचा अनुसार पठाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको बहुउद्देश्यीय भवनको सटर भाडामा लगाउन दोस्रो पटकसम्म टेण्डर आब्हान गर्दा समेत भाडामा नलागेको हुँदा निम्नानुसारको सटर कोठाहरुमा २०% सम्म घटाई भाडामा लगाउन पुनः टेण्डर आब्हानको लागि ७ (सात) दिने सूचना निकाल्ने निर्णय गरियो ।

| क.सं. | सटर नं. | साविक भाडा दर | हाल कायम गर्ने भाडा दर |
|---|---|---|---|
| १. | १०५ | ५५,१२५। | ४४,१००। |

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको विगत ३१ वर्षदेखि स्थायी व्यवस्थापन गर्न बाँकी रहेको सरसफाई केन्द्रका लागि जग्गा खरिद प्रकृयामा व्यास १३ स्थित युगिन कृषिको जग्गा खरिद प्रकृयामा वातावरणीय अध्ययन प्रतिवेदन समेत प्राप्त भएको अवस्थामा आजको बैठकमा विभिन्न जिज्ञासा प्राप्त हुन आएकाले वैकल्पिक व्यवस्थापन हुन सक्ने कुनै अवस्था छ छैन, अध्ययन गरी आगामी बैठकमा राय पेश गर्न प्रमुख प्रशासकीय अधिकृत श्री काशी राम गैरेलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य कार्यमा तत्काल गर्नुपर्ने भएकोले निम्नानुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | योजना/विपद् | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | घर्ती भुजेल सेवा समाज भवन संरक्षण अधुरो कार्य सम्पन्न | १ | २,००,०००।- | ७७१ |
| २. | कुन्छाली टोल सडक बत्ती बिस्तार | १ | ७५,०००।- | ७७६ |
| ३. | दरै स्वामी चौतरा टोलमा सडक बत्ती व्यवस्थापन | १ | १,००,०००।- | ७७६ |
| ४. | भादगाउँ खानेपानी जि.आई. पाइप खरिद मर्मत | १ | १,५०,०००।- | ७७२ |
| ५. | नवयुवा क्लव फुटवल प्रतियोगिता व्यवस्थापन | १ | ७५,०००।- | १०१ |
| ६. | पशु बधशाला, व्यायामशाला, कृयापुत्री भवन सरसफाई व्यवस्थापन | ३ | १,००,०००।- | ३८ |
| ७. | टेवलटेनिस खेल व्यवस्थापन, पूर्वाधार निर्माण | ३ | २,५०,०००।- | ७७५ |
| ८. | महर्षि वेदव्यास संस्कृत मा.वि. ट्रस निर्माण | ३ | २,५०,०००।- | ७७३ |
| ९. | व्यास शिव पाञ्चायन क्षेत्र सरसफाई व्यवस्थापन | ३ | १,००,०००।- | ३८ |
| १०. | कृष्ण द्वैपायन जेष्ठ नागरिक व्यवस्थापन | ३ | १,००,०००।- | ८८ |
| ११. | चुरेखोल्सी टोल विकास संस्था, खानेपानी पाइप खरिद | ४ | ११,०००।- | ७७२ |
| १२. | बसन्ती मार्ग, कालोपत्रे | ४ | ३८,०००।- | ८१७ |
| १३. | गोपालबहादुर क्षेत्री, चिन्तुटार सिंचाई पाइप खरिद | ५ | ३०,०००।- | ७७४ |
| १४. | सम्राज कुमाल, ६ वर्षिय बालकको उचार सहयोग | ५ | २५,०००।- | ४८ |
| १५. | आशागुटी खोल्सी धारा खानेपानी मुहान संरक्षण | ५ | २,००,०००।- | ७७२ |
| १६. | पराशर मा.वि. अधुरो भवन झ्याल ढोका रङ्गरोगन | ५ | ३,५०,०००।- | ७७३ |
| १७. | मानुङ्गकोट सरसफाई व्यवस्थापन | ५ | १,००,०००।- | ३८ |
| १८. | शिशाघाट प्रहरी चौकी शौचालय निर्माण मर्मत | ६ | ६०,०००।- | ८१७ |
| १९. | भुमिसरा सारुको काजकृया वापत वडागत सहयोग (विष्णु बहादुर सारु) | ६ | १५,०००।- | १९६ |
| २०. | शेषटार टोल सडक बत्ती जडान | ६ | २,२५,०००।- | ७७६ |
| २१. | ग्यालेक्सी युवा क्लव, फुटवल प्रतियोगिता सहयोग | ६ | ७५,०००।- | १०१ |
| २२. | मिलन आमा समूह, शौचालय निर्माण समेत | ६ | २,००,०००।- | ७७१ |
| २३. | न्यू योङ्ग स्टार क्लव, फुटवल खेल व्यवस्थापन | ७ | ४०,०००।- | १०१ |
| २४. | सिमलटार युवा समाज, खेल मैदान स्तरीकरण | ७ | ३,००,०००।- | ७७५ |
| २५. | छापथोक टोल विकास संस्था डस्टविन व्यवस्थापन | ७ | २४,०००।- | ८१७ |
| २६. | एकता पुस्तकालय, विभिन्न प्रतियोगिता सञ्चालन | ८ | ३०,०००।- | १०१ |
| २७. | कृष्णबहादुर नेपाली, हावाहुरीबाट प्रभावित राहत | ९ | १५,०००।- | विपद् |
| २८. | सिता भण्डारीको ब्याउने भैंसी अचानक मृत राहत | ९ | २०,०००।- | विपद् |
| २९. | माहेन्द्री माध्यमिक विद्यालय अधुरो भवन निर्माण समेत | ९ | ५,००,०००।- | ७७३ |
| ३०. | मिनादेवी बराल, क्यान्सर पीडित उपचार सहयोग | १० | ४०,०००।- | ४८ |
| ३१. | व्यास नगर अस्पताल मर्मत सम्हार | १० | १०,०००।- | ७७८ |

| | | | | |
|---|---|---|---|---|
| ३२. | बैरेनी योग साधना केन्द्र व्यवस्थापन | १० | ३०,०००।- | ८१७ |
| ३३. | नारायण अधिकारी, सिंचाई पाइप खरिद सहयोग | १० | २०,०००।- | ७७४ |
| ३४. | नयाँबस्ती टोल वडा कार्यालय समेतमा सडक बत्ती व्यवस्थापन | १० | २,००,०००।- | ७७६ |
| ३५. | धारापानी खानेपानी इनार संरक्षण नारेश्वर ताल नजिक | १० | १,५०,०००।- | ७७२ |
| ३६. | निबुवाटारी टोल लिखुरे खोल्सी सडक मर्मत | १० | १,५०,०००।- | ८१७ |
| ३७. | सुमन न्यौपाने, सोधकार्यमा सहयोग | १० | ३०,०००।- | ७० |
| ३८. | डिहीगाउँ अनन्त व्यास आमा समूह अधुरो भवन | १० | १,२०,०००।- | ७७१ |
| ३९. | झापाली विश्वकर्मा, सिंचाई पाइप खरिद | ११ | ४०,०००।- | ७७४ |
| ४०. | समी चौतरादेखि लेखनाथ कैनीको घरसम्म बाटो स्तरीकरण | ११ | ३०,०००।- | ७७२ |
| ४१. | कटुसेपानी दिब्या रोशन पोल्ट्री फर्मको बाटो निर्माण | ११ | ३,००,०००।- | ७७२ |
| ४२. | भानु शान्ति निकुन्ज क्षेत्र तनहुँसुर कोशेली घर (खड्ककाली आमा समूह) निर्माण | ११ | ५,००,०००।- | १२८ |
| ४३. | पहिरो प्रभावित बेलटारी मुलपानी ठूलोचौर मोटर मार्ग मर्मत निर्माण | ११ | ४,५०,०००।- | विपद |
| ४४. | कमलाबारी टोल सडक बत्ती विस्तार | १२ | २,००,०००।- | ७७६ |
| ४५. | सूर्यबहादुर बयलकोटी, खानेपानी पाइप खरिद | १२ | ९,०००।- | ७७२ |
| ४६. | मजुवा खोला शाखा मार्गमा ह्युमपाइप खरिद व्यवस्थापन | १२ | ६५,०००।- | ५६ |
| ४७. | तिलबहादुर बराई मगर, घर संरक्षण पैह्रो नियन्त्रण | १२ | २५,०००।- | विपद |
| ४८. | चितुवारी खानेपानी पाइप खरिद मर्मत | १३ | ४५,०००।- | ७०२ |
| ४९. | छरछरे देउलीधारा खानेपानी इन्टेक निर्माण | १३ | ५०,०००।- | ७७२ |
| ५०. | नेपाल कराँते महासँघ मेट खरिद | | २,००,०००।- | ७७५ |
| ५१. | नेपाल तमु विद्यार्थी, राष्ट्रिय महाधिवेशन सहयोग | | ५०,०००।- | ५६ |
| ५२. | परिवार सेवा समाज, जिल्ला समिति महाधिवेशन सहयोग | | २५,०००।- | ९९ |
| ५३. | नेपाल सम्बत ११४५ कार्यक्रम व्यवस्थापन | | ३०,०००।- | ५६ |
| ५४. | नेपाल भू.पू. सैनिक क्लव, अधिवेशन व्यवस्थापन | | ५०,०००।- | ५६ |
| ५५. | लिलाबहादुर रनपाल, गण्डकी दर्पण पुस्तक खरिद | | १७,०००।- | ७९ |
| ५६. | प्रहार अनलाइन मिडिया सूचना प्रकाशन | | १२,०००।- | ३७ |
| ५७. | पर्यटन पत्रकार एन्जिला क्षेत्री, विज्ञापन सहयोग | | १२,०००।- | ३७ |
| ५८. | कुहिने फोहोर टुक्र्याउन स्रेडर मेशिन खरिद | | २,५०,०००।- | ३८ |

***